लुम्बिनी प्रदेश सरकार
वन,वातावरण तथा पर्यटन मन्त्रालय
वन निर्देशनालय

डिभिजन वन कार्यालय,रोल्पा

काठ दाउरा बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३।०६।२५

रोल्पा जिल्ला अन्तर्गत पर्ने गंगादेव गाउँपालिका वडा नं. ३ झ्याममडाँडा नजिक राष्ट्रिय वन क्षेत्रबाट उत्पादन भई सोही झ्यामडाँडा नजिक घाटगद्दी गरिराखेको रैज, मेल, गुराँस लगायतको जातको गोलिया काठ थान १५८ को ४१७.७३ घ.फि. र दाउरा १४.०० चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्ने सम्वन्धमा यस कार्यालयको मिति २०८३।०६।२३ को निर्णय अनुसार यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक मूल्य अभिबृद्धी करमा दर्ता भएको स्थायी लेखा नम्बर (PAN) लिएका, काठ दाउराको कारोबार गर्न सुचीकृत भएका संघ संस्था, फर्म वा कम्पनीले यो सूचना बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितीले २१ औं दिन कार्यालय समय भित्र श्री वन निर्देशनालय, बुटवल रूपन्देही वा डिभिजन वन कार्यालय, रोल्पाबाट बोलपत्र खरिद गरी २२ औं दिन र उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिनमा दिनको १२.०० बजे भित्र डिभिजन वन कार्यालय,रोल्पामा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

(१) वन पैदावारको विवरण

तपसिल

क्र.सं.	जात	किसिम	थान	परिमाण	न्यूनतम मूल्य रु.	कटान/मुछान (संकलन खर्च प्रति घ.फी./प्रति चट्टा रु.)	कैफियत
१	अरुपाते	गोलिया	३	५.६८	५६८	१५४।-	
२	पैयूसरी	गोलिया	२	६.७	६७०		
३	भलायो	गोलिया	३	८.४५	८४५		
४	बाँझ	गोलिया	१	१.००	१००		
५	पैयू	गोलिया	५	६.८६	६८६		
६	रैच	गोलिया	१३६	३७५.०४	३७५०४		
७	लालिगुराँस	गोलिया	४	६.६८	६६८		
८	अन्य	गोलिया	४	७.३२	७३२		
जम्मा		गोलिया	१५८	४१७.७६	४१७७३		
९	अरुपाते लगायत मिश्रित	दाउरा	चट्टा	१४	५६०००	९५२६।-	
काठ, दाउरा सबै जम्मा					९७७७३।-		

लुम्बिनी प्रदेश सरकार
वन,वातावरण तथा पर्यटन मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय,रोल्पा

(२) बोलपत्र खरिद र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय

(क) खरिद गर्ने अन्तिम मिति २०८३।०७।१४ गते

(ख) समय दिनको ५.०० वजे सम्म

(ग) बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम २०८३।०७।१५ गते (घ) समय दिनको १२.०० वजे सम्म ।

(३) बोलपत्र फारम प्रति लटको रु १,००० पछि फिर्ता नहुने गरी तिरी वन निर्देशनालय, बुटवल, रुपन्देही वा डिभिजन वन कार्यालय रोल्पा समेतबाट खरिद गरी डिभिजन वन कार्यालय रोल्पामा दाखिला गर्न सकिनेछ ।

(४) बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम डिभिजन वन कार्यालय,रोल्पाको कार्यालय कोड ३२९०१५४०१५ नेपाल बैंक लिमिटेड, लिबाङ शाखामा खाता नं. ०७६०२०००००२००३०००००१ मा नगद जम्मा गरेको सक्कल भौंचर वा ६ महिना को बैंक ग्यारेण्टी जमानत पत्र समावेश हुनपर्ने छ ।

(५) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

(६) लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोप्राईटरको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, कर दर्ता प्रमाण पत्रको प्रतिलिपी र मूल्य अभिबृद्धिकर दर्ता प्रमाण पत्रको प्रतिलिपी वा स्थायी लेखा नं (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपी र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी र काठ,दाउराको कारोबार गर्ने उद्देश्यले स्थापना भई नियमानुसार सूचीकृत भएको प्रमाणपत्रको प्रतिलिपी बोलपत्र साथ पेस गर्नु पर्नेछ ।

(७) निर्धारित गरिएको न्यूनतम् संख्याको र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०७।१५ गते दिउँसो ३:०० वजे साक्षीहरुको रोहवरमा खोलिनेछ । साक्षीहरू उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

(८) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० दिन भित्र सकार गरेका रकम तथा निर्धारित मूल्य अभिबृद्धि कर लगायत नियमानुसारको सबै करहरु समेत बुझाई लिलाम स्वीकृत भएको वन पैदावार तोकिएको अवधी भित्र उठाई लैजानु पर्नेछ ।

(९) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ

(१०) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार डिभिजन वन कार्यालय,रोल्पामा हुनेछ ।

(११) बोलपत्र दाखिला गर्न र खोल्नको लागि तोकिएको मितिमा विदा परेमा सो कार्य कार्यालय खुल्ने मितिमा वा तोकिए बमोजिम हुनेछ ।

(१२ अन्य कुराहरु बुझ्नु परेमा डिभिजन वन कार्यालय,रोल्पामा सम्पर्क राख्न सकिनेछ।

(१३) म्याद नाघी वा रीत नपुगी पेश हुन आएको बोलपत्र मान्य हुने छैन ।

(१४) यसमा लेखिएका विषयहरुमा यसै अनुसार र अन्य विषयहरुको सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ।